nepalpostdaily.com

# नेपाल पोष्ट डेली
दैनिक

28°C । वर्ष : १०, अंक : ३५४ पृष्ठ ४ । मंगलबार,२० साउन २०८२ । TUESDAY, AUGUST 05, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पुनः सञ्चालनमा रहेको बीरगन्ज कृषि औजार कारखानामा धान रोप्ने मेसिनको माग बढ्यो

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१९ साउन ।***



लामो समयदेखि बन्द रहेको बीरगन्जस्थित कृषि औजार कारखाना पुनः सञ्चालनमा आएको छ । राष्ट्रिय आविष्कार केन्द्रको पहलमा २९ वर्षपछि यस कारखानाबाट विभिन्न कृषि यन्त्र उत्पादन गरी किसानलाई बिक्री वितरण सुरु गरिएको छ। विशेषगरी हातले चलाउने धान रोप्ने मेसिनप्रति किसानहरूको चासो र माग तीव्र देखिएको छ। कृषि औजार कारखानाले हालसम्म १५ वटा हातले धान रोप्ने राइस प्लान्टर उत्पादन गरी बिक्रीका लागि राखेको छ । प्रत्येक मेसिनको मूल्य २१ हजार पाँच सय रुपैयाँ रहेको छ भने उत्पादन तीव्र भएपछि थप माग पूरा गर्न सकिने बताइएको छ । कारखानालाई २०५३ साल जेठ १७ गते निजीकरण गर्ने निर्णयसँगै बन्द गरिएको थियो । २०७९ साल माघ १ देखि सरकारले राष्ट्रिय आविष्कार केन्द्रलाई कारखाना सञ्चालन जिम्मा दिएको थियो । वैज्ञानिक टोलीले करिब दुई वर्षपछि यहाँबाट व्यावसायिक उत्पादन सुरु गरेको छ। राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख इन्जिनियर रितेश देवले कृषकहरू माझ उत्पादन भएका यन्त्रहरू लोकप्रिय हुन थालेको र हाल धान रोपाइँको सिजन भएकाले यस प्रकारका उपकरणको माग बढी रहेको बताए । धान रोप्ने मेसिन बाहेक प्याडी विडर केज ह्विल, कोदो रोप्ने मिलेट प्लान्टर, फिस इन्क्युवेटर र अक्सिजन टावरजस्ता उपकरणहरूको पनि उत्पादन भई बिक्री भइरहेको छ । प्याडी विडर केज ह्विलको मूल्य दुई हजार पाँच सयदेखि तीन हजार रुपैयाँ रहेको छ भने फिस इन्क्युवेटर र अक्सिजन टावर सेटको मूल्य एक लाख रुपैयाँ तोकिएको छ । यन्त्रहरू नेपालमै पहिलो पटक उत्पादन गरिएका हुन् र विदेशी आयातित यन्त्रभन्दा बलिया र किफायती रहेको दावी गरिएको छ। हाल, कारखानामा लेजर वेल्डिङ मेसिन पनि भित्र्याइएको छ जसले

बाँकी तेश्रो पृष्ठमा

## बैंकिङ कसुर मुद्दामा माओवादी नेता तेली पक्राउ

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१९ साउन ।***



नेकपा माओवादी केन्द्रका नेता शिवकुमार साह तेली बैंकिङ कसुरको आरोपमा पक्राउ परेका छन् । पर्साको सखुवा प्रसौनी गाउँपालिका-६ लखनपुर निवासी तेलीलाई वीरगन्जको श्रीपुरबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) किशोर लम्सालले जानकारी दिए । क्रान्ति गुप्तासहित दुईजनाले दिएको जाहेरीका आधारमा पक्राउ परेका तेलीले आफ्ना बैंक खातामा पर्याप्त रकम नभएको अवस्थामा १० लाख र ६ लाख रुपैयाँका दुई वटा चेक दिएका थिए । तर दुवै चेक बाउन्स भएपछि पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएका थिए । तेलीलाई पर्सा जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर प्रहरी हिरासतमा राखिएको छ र उनीविरुद्ध कारबाही प्रक्रिया अघि बढाइएको डिएसपी लम्सालले बताए । २०७९ सालको प्रदेशसभा निर्वाचनमा नेपाल सुशासन पार्टीको तर्फबाट पर्सा ३(क) मा उम्मेदवारी दिएका तेली पछि नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका थिए । उनी त्यसअघि जनता समाजवादी पार्टीमा आवद्ध थिए। तेली यसअघि पनि विवादमा तानिइसकेका छन् । मधेस प्रदेश सरकारमार्फत पर्साका किसानका लागि अनुदानमा उपलब्ध गराइएको करोडौं रुपैयाँ बराबरको कृषि उपकरण खरिदमा अनियमितता गरेको आरोप उनमाथि लागेको थियो ।

उनले अध्यक्षता गरेको जय महावीर कृषि सहकारी संस्था लिमिटेडमार्फत योजना ल्याई कागजी प्रक्रियामै योजना सम्पन्न भएको देखाएर सरकारी बजेट दुरुपयोग गरेको आरोप लागेको हो । प्रहरीले तेलीमाथिको मुद्दा थप अनुसन्धान भइरहेको जनाएको छ ।

## सडकमा सवारी करको नाममा ट्रक चालकसँग जबरजस्ती असुली

***बारा,१९ साउन ।***

पर्साको बीरगन्ज महानगरपालिका-३२ चोर्नी र बाराको जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रका सडकहरूमा सवारी करको नाममा ट्रक चालकहरूबाट जबर जस्ती रकम असुली हुने गरेको गम्भीर आरोप उठेको छ । नितनपुरभन्दा अगाडि, दालमिस नजिकैको क्षेत्रलाई केन्द्र बनाएर सवारी कर संकलनको नाममा ठेकेदारहरूले ट्रक रोक्ने, चालकलाई धम्क्याउने र तोकिएको भन्दा बढी रकम असुल्ने कार्य भइरहेको ट्रक चालकहरूको गुनासो छ ।चालकहरूका अनुसार, कर उठाउने ठेक्का लिएका व्यक्तिहरूले सडक किनारमा कर्मचारी खटाई जबरजस्ती ट्रक रोक्छन् र नदिए गालीगलौज, धम्की र कहिलेकाहीँ फिजिकल झगडासमेत गर्ने गर्छन् । यस्तो असुली अन्य क्षेत्रमा नभई विशेष गरी यस क्षेत्रमा मात्र केन्द्रित भएको भन्दै उनीहरूले चिन्ता व्यक्त गरेका छन् । 'कर तिर्ने कुरा अलग हो, तर तोकिएको भन्दा बढी जबरजस्ती उठाउने र अपशब्द बोल्ने कुरा सह्य छैन,' एक चालकले भने । स्थानीय प्रशासन र प्रहरीमा पटक-पटक उजुरी दिँदा पनि सुनुवाइ नभएको ट्रक चालकहरूको आरोप छ। 'पुलिसलाई फोन गर्दा उठ्दैन, प्रशासन चुप लाग्छ,' एकजना आक्रोशित चालकले गुनासो गरे । यस्ता घटनाले ट्रक चालकहरूमा त्रास फैलिएको छ भने ढुवानी सेवामा समेत बाधा पुगेको छ। स्थानीय बासिन्दा र ट्रक चालकहरूले सवारी कर संकलनको नाममा भइरहेको यो ब्रह्मलुट रोक्न, दोषीहरूलाई कारबाही गर्न र स्थायी समाधान ल्याउन सम्बन्धित निकायसँग माग गरेका छन् ।

## ठोरीमा भूमिहीन दलित र सुकुम्बासीका लागि जग्गा नापजाँच सुरु

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१९ साउन ।***



पर्साको ठोरी गाउँपालिकामा भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि वितरण गरिने जग्गाको नापजाँच कार्य औपचारिक रूपमा सुरु भएको छ । भूमि समस्या समाधान आयोग पर्साका अध्यक्ष तबरेज अहमदले सोमबार विशेष कार्यक्रममार्फत नापजाँच उपकरणको बटन थिचेर अभियानको शुभारम्भ गरेका हुन् । गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रममा आयोग अध्यक्ष अहमदले भूमिहीनहरूको मुद्दालाई केवल जग्गा वितरणको सवाल नभई उनीहरूको मौलिक हक, समानता र सामाजिक न्यायसँग जोडिएको विषयका रूपमा लिनुपर्ने बताए। उनले लालपुर्जालाई "टीकासँगैको अधिकार" भन्दै यसपालिको टीकासँगै लालपुर्जा वितरण हुने स्पष्ट संकेत पनि गरे। गाउँपालिका अध्यक्ष श्रेष्ठले ठोरीका हरेक भूमिहीन नागरिकलाई आफ्नो नाममा जग्गा प्राप्त होस् भन्ने लक्ष्यसहित आफू पूर्ण प्रतिबद्ध भएर लागिपरेको जनाए । कार्यक्रममा आयोगका सदस्य-सचिव दीपक सिंह,

बाँकी तेश्रो पृष्ठमा

## साउथ सिटी हिमाल हस्पिटलद्वारा बृहत नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

***रौतहट,१९ साउन ।***




रौतहटको बौधीमाई नगरपालिका-७ मा साउथ सिटी हिमाल हस्पिटल बीरगन्जद्वारा सञ्चालित बृहत निःशुल्क स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न भएको छ । शिविर श्री चन्द्रज्योति कान्ति हस्पिटल प्रा.लि.को तेस्रो वार्षिकोत्सवको अवसरमा आयोजित गरिएको थियो । स्थानीय जनताको स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने उद्देश्यले गरिएको यस अभियानमा विभिन्न विभागका विशेषज्ञ चिकित्सकहरूबाट सेवा प्रदान गरिएको थियो । शिविरमा सहभागी चिकित्सक टोलीमा वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. प्रिति यादव र डा. एनि पाण्डे, जेनरल तथा ल्यापरोस्कोपिक सर्जन डा. मुकुन्द प्रसाद यादव, मुटु तथा जेनरल फिजिसियन डा. रञ्जित यादव, नाक-कान-घाँटी रोग विशेषज्ञ डा. सुमन राउत, बाल तथा नवजात शिशु रोग विशेषज्ञ डा. विकास साह लगायतका चिकित्सकहरू रहेका थिए। साथै, मेडिकल अफिसर डा. रवि शंकर झा, डा. इमरान ठकुराई, डा. रितेश यादव र नरेश प्रसाद यादवले

बाँकी तेश्रो पृष्ठमा

## खैरो हेरोइनसहित दुई युवक पक्राउ

***हेटौंडा,१९ साउन ।***

मकवानपुर प्रहरीले लागुऔषध खैरो हेरोइनसहित दुई युवालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-१ का २२ वर्षीय समिर मोक्तान र धनुषा गणेशमान चारनाथ नगरपालिका-४ घर भई हाल हेटौंडा-१० बसोबास गर्दै आएका २४ वर्षीय सिद्धार्थ आलेमगर रहेका छन्।प्रहरीका अनुसार वीरगञ्जबाट हेटौंडातर्फ आउँदै

बाँकी तेश्रो पृष्ठमा

## पर्सा ट्राफिक कार्यालयमा वृक्षारोपण कार्यक्रम सम्पन्न

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१९ साउन ।***

पर्सा जिल्ला ट्राफिक प्रहरी कार्यालय परिसरमा हरियाली विस्तार र वातावरण संरक्षणको उद्देश्यसहित वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रम ट्राफिक प्रहरी निरीक्षक लोकराज भट्टको नेतृत्वमा सम्पन्न भएको हो । कार्यालयको हाताभित्र आँप र लिचीका गरी करिब ५५ वटा फलफूलका बिरुवा रोपिएको प्रहरीले जानकारी दिएको छ । वृक्षारोपण कार्यमा ग्रीनसिटी सामुदायिक प्रहरी, आदर्शनगरका अध्यक्ष जय प्रकाश खेतानले विशेष सहयोग पुर्‍याएका थिए । इन्स्पेक्टर भट्टले वृक्षारोपण कार्यक्रम कार्यालयको सौन्दर्य, शीतल वातावरण र वातावरणीय सन्तुलन कायम गर्नका लागि गरिएको बताए। "यो पहलले कार्यालय परिसरमा सेवा लिन आउने सर्वसाधारणलाई समेत शान्त र सकारात्मक वातावरण प्रदान गर्नेछ,"

बाँकी तेश्रो पृष्ठमा

लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः**

- घर वरिपरी पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएको कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

**"लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।"**

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### संसद्कै मजाक

सांसद्को मुख्य काम कानुन निर्माण हो । यही मुख्य काममा उनीहरूको ध्यान कत्तिको छ ? भन्ने विषय कुलिङ अफ पिरियडमा भएको गडबडीले उजागर गरिदिएको छ । प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले सरकारी कर्मचारीका लागि अवकाशपछि दुई वर्षसम्म कुनै प्रकारको जिम्मेवारी लिन नपाउनेगरी राजनीतिक सहमति जुटाएको थियो । त्यसअनुसार सरकारी कर्मचारीले राजीनामा दिएको वा अवकाश पाएको दुई वर्षसम्म संवैधानिक, कूटनीतिक र अन्य प्रकारका नियुक्ति लिन नपाउने भनेर लेखियो । यो भाषा संघीय निजामती सेवा ऐन विधेयकको प्रतिवेदनमा लेख्नेगरी सहमति जुट्यो । तर, यो विषय राखिएको दफासँगै कुलिङ अफ पिरियड निष्क्रिय हुन सक्ने दफा पनि सँगै रह्यो । यो विषय त्यतिबेला बाहिर आयो जतिबेला विधेयकको प्रतिवेदन प्रतिनिधि सभाबाट पारित भएर अगाडि बढिसकेको थियो । यस्तो कसरी हुन गयो ? आफ्नो काममाथि आफैं छानबिन गर्नेगरी संसदले छानबिन समिति बनाउने बिरलै घटना हुन्छन् । जो नेपालमा भएको छ । संसदीय छानबिन विशेष समिति निष्कर्षमा पुग्दै गर्दा सांसदको भूमिका थप उजागर भएको छ । संघीय निजामती सेवा विधेयकको प्रतिवेदन लेखनका क्रममा त्रुटि भएको निष्कर्षमा पुगेको समितिले त्रुटि हुनुमा सांसद र कर्मचारी दुवै जिम्मेवार रहेको निष्कर्ष निकालेको छ । छानबिनमा संलग्न सांसदहरूका अनुसार विधेयक पारित गर्नुअगाडि सांसदले गम्भीर भएर नियालेका थिए भने त्रुटि थाहा लाग्थ्यो । विधयकमाथि सभामा छलफल हुँदासमेत ख्याल गरिएन । विधेयकमा रहेको प्रावधान एकातिर र सभामा छलफल अर्कोतिर भइराखेको विषय संसदीय छानबिन विशेष समितिले उजागर गरिदिएपछि सांसदले संसद्लाई मजाक गर्ने थलोजस्तो बनाएको स्वतः देखाउँछ । मानिसबाट गल्ती हुन्छन् । सांसदहरू पनि मानिस हुन् । उनीहरूले गल्ती गरे फेरि गल्ती गर्ने छैनन् भन्ने विश्वास हुँदा संसद्को गरिमा कायम रहन्छ । यस्तो प्रतिबद्धता र त्यसअनुरूपको व्यवहार सांसदहरूले प्रदर्शन गरून् । कानुन निर्माणमा ध्यान दिऊन्, एउटा विषय आउँदा अर्कै विषयमाथि छलफल नगरून् । अन्यथा, आवधिक चुनावमा मतदाताले मत फेरे पनि संसद्को मजाक गरेको विषय इतिहासले भुल्ने छैन । प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेर इतिहास राख्ने कि फेरि गल्ती दोहोऱ्याएर नागरिकको नजरमा गिर्ने ! जनप्रनिधिहरूले यो पनि ख्याल गरून् कि- नागरिकले सधैं नसहन सक्छन् ।

# संघीयताको गति रोक्ने संघीय बजेट



**खिमलाल देवकोटा**

प्रिबजेट छलफलका क्रममा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले संघीय सरकारका योजनाहरू उपभोक्ता समितिले गर्नेभन्दा पनि तल्लोस्तरका भएको धारणा व्यक्त गरेका थिए । अघिल्लो सरकारका योजनाहरू पालिकाको कार्यक्षेत्रभन्दा पनि साना प्रकृतिका रहेका र आफूले तीन करोडभन्दा साना योजना नल्याउने प्रतिबद्धता जनाएका थिए । साना योजनाहरू संघीयताको गतिशीलताका बाधकका रूपमा रहेको भन्ने मान्यता राख्ने म अर्थमन्त्रीको धारणाबाट उत्साहित थिएँ । २०७४ पश्चात् बनेका प्रायः सबै संघीय सरकारले प्रदेश र स्थानीय तहको कार्यक्षेत्र मिच्ने गरी कार्यक्रम तथा योजनाहरू ल्याएका छन् । त्यसरी बजेट ल्याउन हुँदैन भनेर मैले निरन्तर आवाज उठाएको थिएँ । संघीय संसद्, सरकारलगायत सरोकारवाला निकायहरूमा 'लबिइङ' गरेको थिएँ । यसै दैनिकमा दर्जनौं लेख लेखेको थिएँ । राष्ट्रिय सभाको सांसद हुँदा प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रको कार्यान्वयन लगायतका विषयमा संकल्प प्रस्तावको नेतृत्व गरेको थिएँ । सरकारका तहहरूबीचको दोहोरोपनाको अन्त्य गर्नुपर्ने, कार्यजिम्मेवारी अनुसार वित्तीय हस्तान्तरण हुनुपर्ने लगायतका १५ वटा बुँदाहरू रहेको संकल्प प्रस्तावलाई राष्ट्रिय सभाको २०७९ जेठ १९ मा बसेको बैठकले सर्वसम्मत निर्णय गरी कार्यान्वयनका लागि सरकारलाई निर्देशन गरेको थियो । २०७९ असोज २८ को मन्त्रिपरिषद्को बैठकले संकल्प प्रस्तावका आधारमा संघीयता कार्यान्वयनको कार्ययोजना बनाएर संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिलाई पठाएको थियो । कार्ययोजना अनुसार काम गर्नुपर्नेमा त्यसो भएको छैन । राष्ट्रिय सभामा सबै राजनीतिक दलहरूको प्रतिनिधित्वसहित मेरै संयोजकत्वमा २०७९ जेठ २० मा संघीयता कार्यान्वयनसम्बन्धी विशेष समिति नै बनेको थियो । समितिले राजनीतिक संघीयता, प्रशासनिक संघीयता, वित्तीय संघीयतासहित १३ वटा विषयगत क्षेत्रमा ९९ बुँदे सिफारिस गरेको थियो । सिफारिसको पहिलो बुँदा कार्यविस्तृतीकरण प्रतिवेदनको पुनरावलोकनसँग सम्बन्धित छ । यसैगरी सिफारिसको ८५ औं बुँदा संघीय र प्रदेश योजनाको सीमा निर्धारणसँग सम्बन्धित छ । सीमा निर्धारण अनुसार संघीय सरकारले राष्ट्रिय गौरव र अन्तरप्रादेशिक र प्रदेश सरकारले प्रदेश गौरव र अन्तरपालिकास्तरीय आयोजना छनोट र कार्यान्वयनको स्पष्ट आधार र मापदण्ड निर्धारण नगरुन्जेल संघीय सरकारले सडक पूर्वाधारमा १५ करोडभन्दा साना आयोजना कार्यान्वयन नगर्ने भन्ने छ । यसैगरी अन्य आयोजनाहरूको सीमा रु. ५ करोडदेखि ७ करोडको छ । प्रदेशमा सडक पूर्वाधारमा २ करोड र अन्यको सीमा ५० लाख छ । सीमा निर्धारण गर्दा समितिले राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, प्रदेश योजना आयोग, प्रदेश आर्थिक मामिला मन्त्रालयका पदाधिकारीहरूको राय-सल्लाहका आधारमा गरेको थियो । संविधानतः सरकारका तहहरू स्वतन्त्र र स्वायत्त छन् । योजना कार्यान्वयनको मापदण्ड बनाउने अधिकार उनीहरूमा सुरक्षित छ । तर, तीनै तहका सरकारले उस्तै खालका योजनाहरू कार्यान्वयन गरिरहेका कारण स्रोत र साधनको प्रयोगमा व्यापक दुरुपयोग भएको थियो/छ । यस्तो स्थितिमा सरकारका तहहरूले योजनाहरूको कार्यान्वयनको मापदण्ड आफैं बनाऊ, अन्यथा विशेष समितिको सिफारिसलाई कार्यान्वयन गर भन्ने आशयका साथ समितिले सीमा निर्धारण गरेको थियो । संसदीय अभ्यासमा सरकारको जवाफदेहिता संसद्प्रति हुन्छ । संसद्को निर्देशन/सिफारिस कार्यान्वयन गर्ने दायित्व सरकारको हो । फेरि संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रतिनिधिहरू सम्मिलित समितिले गरेको सिफारिस थियो त्यो । समितिमा प्रतिनिधित्व गर्ने सांसदहरूले पार्टीमा सल्लाह गरेर मात्र राय दिने चलन छ ।

२०८० चैत १६ गतेको राष्ट्रिय सभाको बैठकमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले समितिका सिफारिसहरू इमानदारिताका साथ कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका थिए । २०८० मंसिर ११ को मन्त्रिपरिषद्को बैठकले आयोजना वर्गीकरणको आधार तथा मापदण्ड २०८० तर्जुमा गरी पूर्वाधार विकासका आयोजनाको सीमा रु. ३ करोड निर्धारण गऱ्यो । विशेष समितिको सिफारिस १५ करोडको थियो । तर, सरकारले ३ करोडको मात्र सीमा निर्धारण गऱ्यो । संघीय सरकारले राष्ट्रिय गौरव र रणनीतिक महत्त्वका परियोजनाहरू कार्यान्वयन गर्ने हो । कतिपय साथीहरूले सीमा निर्धारण १ अर्ब गर्नुपर्दछ भनेका थिए । तर, सुरुवात १५ करोडबाटै गरौं भन्ने योजना आयोगका तत्कालीन उपाध्यक्ष विश्व पौडेलको प्रस्तावका कारण हामीले यसलाई स्वीकार गरेका थियौं । तर, सरकारले ३ करोड निर्णय गर्दा पनि मलाई हीनताबोध थिएन । केवल लागू गरिदिए हुन्थ्यो भन्नेथियो । सरकारले निर्णय त गऱ्यो, लागू भने गरेन । संघीय मन्त्रालयहरू हजार/लाखका योजनामा नै रमाउन थाले । वास्तवमा, यो लाजलाग्दो स्थिति हो । अर्थमन्त्री विष्णु पौडेलले अघिल्लो सरकारले ३ करोडको मापदण्ड ल्यायो । तर कार्यान्वयन गरेन । म कार्यान्वयन गरेर देखाउँछु भनेपछि मेरो आशाको दियो पलाएको थियो । संसद्मा बजेट प्रस्तुत हुनुभन्दा अगाडि मैले अर्थमन्त्री पौडेलसँग दुईचोटि उहाँकै कार्यकक्षमा भेट गरेको थिएँ । पहिलो भेटमा मैले उहाँसँग साँच्चिकै ३ करोडको सीमा लागू गर्नुहुन्छ त भनेर प्रश्न गरेको थिएँ । उहाँले मैले गर्छु भनेपछि गर्छु । पत्रकारको जसरी प्रश्न नगर्न भन्नुभयो । बरु बजेटसम्बन्धी लिखित सुझावका लागि आग्रह गर्नुभयो । मैले राष्ट्रिय सभाको संघीयता कार्यान्वयनसम्बन्धी विशेष समितिको प्रतिवेदन दिँदै सबै कुराहरू प्रतिवेदनमा छ । यसका सिफारिसहरू कार्यान्वयन गर्नुहोस् भनें । केही दिनपछि 'फेडरलिज्म एन्ड लोकलाइजेसन सेन्टर' का कार्यकारी निर्देशक प्रकाश पन्थ र मैले उहाँलाई प्रदेश र स्थानीय तहका सरोकारका विषयहरू समेटेर चार दर्जनभन्दा बढी सुझाव दियौं । सुझावमा कामलाई दाम, संस्थागत संरचना लगायतले पिछा गर्नुपर्दछ भन्ने सिद्धान्तलाई आत्मसात् गर्ने गरी प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीका आधारमा वित्तीय हस्तान्तरण गर्नुपर्ने, संघीयताको भावना अनुसार संघका संगठन संरचनाहरू भारी मात्राले कटौती गर्नुपर्ने, प्रदेश र स्थानीय तहमा प्रवाह हुने सबै किसिमका अनुदानलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यक्षेत्रमा ल्याउनुपर्ने, प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानको अंश बजेटको अनुपातमा बढाउनुपर्ने विषय थिए । त्यस्तै, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रमा असर पर्ने गरी संघीय मन्त्रालय तथा निकायहरूले परियोजना/आयोजनाहरू खडा गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने, संघीय सरकारले राष्ट्रिय गौरव, रणनीतिक महत्त्व र अन्तरप्रादेशिक प्रकृतिका ठूला परियोजनाबाहेक साना खालका परियोजनाहरू कार्यान्वयन गर्न नहुने, ३ करोडको सीमालाई अक्षरशः पालना गर्नुपर्ने, नेता र मन्त्रीमुखी योजना वितरण प्रक्रियाको अन्त्य हुनुपर्ने, बजेट वितरणमा प्रादेशिक सन्तुलन कायम गर्नुपर्ने विषय पनि थिए । त्यस्तै, जग्गा प्राप्तिको समस्या लगायतका कारण प्रदेश र स्थानीय तहको पूर्वाधार निर्माण लगायतका समस्या भएका कारण त्यसको समाधान गर्नुपर्ने, प्रदेशलाई हस्तान्तरण गरिएका भवन लगायतका पूर्वाधारहरू प्रदेश सरकारका नाममा नामसारी गर्ने व्यवस्था मिलाउनुपर्ने, पालिका-पालिकाबाट कर्मचारी चाहियो भनेर सिंहदरबारमा धाउनुपर्ने परिस्थितिको अन्त्य गर्नुपर्ने लगायतका थिए । मन्त्रीले भनेजस्तै तीन करोडभन्दा

बाँकी तेश्रो पृष्ठमा

# भूमि विधेयकमा सहमतिको खाँचो

**जगत देउजा**

भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक अहिले कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा छलफल भइरहेको छ । कुनै पनि विषयको विश्लेषण व्यक्ति विशेषको अनुभव, वर्गीय पृष्ठभूमि, वैचारिक धरातल आदिले फरक पार्ने गर्छ । भूमिजस्तो महत्त्वपूर्ण विषयमा विभिन्न विचार, व्याख्या र दृष्टिकोण हुनु यसकारण पनि स्वाभविक हो । यो विधेयकमा मात्र होइन, भूमिसम्बन्धी ऐनको आठौं संशोधनमा पनि संसद्भित्र र बाहिर धेरै बहस भएका थिए । अन्ततः सिंगो संसद्ले सर्वसहमतिमा ऐन पारित गरेको थियो । कुनै पनि ऐन कार्यान्वयनमा जाँदा अपर्याप्त वा अमिल्दो हुन सक्छ । त्यसलाई फेरि समयसापेक्ष बनाउन संशोधन गर्नैपर्छ । प्रस्तावित भूमि विधेयक र त्यसमा परेका संशोधनलाई मिलाएर भूमि ऐनलाई समृद्ध बनाउन सकिन्छ । क्षणिक राजनीतिक फाइदा वा घाटाको हिसाबबाट बाहिर निस्केर ऐतिहासिक रूपमा विभेद, अन्याय र अभावमा बाँचिरहेका भूमिहीन वर्गको न्याय विधेयकको केन्द्र हुनुपर्दछ । करिब ३ लाख भूमिहीन पुस्तौंदेखि जग्गाको अधिकार खोजिरहेका छन् र जग्गा नपाउँदा चरम निराशामा बाँचिरहेका छन् । यसर्थ व्यावहारिक कानुन बनाउन विधायकहरूको भूमिका महत्त्वपूर्ण छ ।

**घरजग्गा व्यवसायका लागि हदबन्दी छुट**

भूमिसम्बन्धी ऐनको प्रचलित दफा १२ क. को औचित्य कति भन्ने विषयमा धेरै प्रश्न उठेको छ । यो विषयलाई एकीकृत भूमि ऐन बनाउने समयमा नयाँ ढंगले सम्बोधन गर्न सकिन्छ । जग्गाको हदबन्दी छुटको सीमा सूचित आदेश अनुसार हुने नभएर कानुनमा नै उल्लेख हुन जरुरी छ । यद्यपि, यो विषय अहिलेको विधेयकमा समावेश नभएकाले थप व्याख्या विश्लेषण गर्न आवश्यक भएन । विधेयकको प्रस्तावित १२ छ. मा घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुनबमोजिम जग्गा विकास गरी घडेरी वा घर निर्माण गरी बिक्री गर्न सक्नेछ भन्ने प्रावधान किन जरुरी भयो भन्ने बलियो आधार र कारण देखिँदैन । घरजग्गा व्यवसाय गर्न भनेर लिएको जग्गा बेच्न नपाउने भन्ने हुन्छ र ? यही प्रावधान नभएका कारण घरजग्गा बिक्री ठप्प भएको पनि छैन । सोही दफाको उपदफा १ को सामूहिक उपयोगमा रहने गरी रीखएको जग्गालाई सामूहिक स्वामित्वमा कायम हुने गरी दाखिल खारेज गर्ने कुरामा कसैको विरोध छैन । घरजग्गा व्यवसाय गर्ने कम्पनीले हदभित्रको जग्गा भूउपयोग क्षेत्र वर्गीकरण हुँदा आवासीय क्षेत्र वा व्यावसायिक क्षेत्रमा वर्गीकरण भएकामा त्यस्तो जग्गा प्रचलित कानुनबमोजिम घडेरी विकास नगरी ससिम वा कित्ताकाट गरी बिक्री गर्न पाइने छैन भन्ने प्रावधान पनि उचित छ । तर स्थानीय परिषद्बाट भूउपयोग वर्गीकरण गर्दा आवास वा व्यावसायिक क्षेत्रभन्दा बाहेक पर्न गएमा मन्त्रालयबाट स्वीकृत लिएर ससिम वा कित्ताकाट गरेर बेच्न पाइने प्रावधान नराख्दा हुन्छ । किनकि, उक्त सूचित आदेश अनुसारको जग्गा त घरजग्गा व्यवसायका लागि दिएको हो, त्यसका लागि उपयुक्त नहुने जग्गा किन किन्यो ? हदबन्दी छुट घरजग्गा व्यवसायका लागि दिएको हो, बरु घरजग्गा व्यवसायको जग्गा वर्गीकरणमा पनि सोही प्रयोजनमा अनिवार्य राख्ने व्यवस्था गर्न सकिन्छ । यही उपदफामा घरजग्गा व्यवसायबाहेक अन्य प्रयोजनका लागि प्राप्त गरेको वा स्वीकृति लिएको जग्गा यस उपदफाबमोजिम बेचबिखन गर्न पाइने छैन भन्ने

बाँकी तेश्रो पृष्ठमा


# अन्तर्राष्ट्रिय समाचार

## इरानको परमाणु कार्यक्रममा पाकिस्तानको समर्थन



*काठमाडौं,१९ साउन ।*
पाकिस्तानले इरानको परमाणु कार्यक्रमलाई समर्थन गर्ने घोषणा गरेको छ । पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले इरानलाई परमाणु ऊर्जालाई ‘शान्तिपूर्ण तरिकाले प्रयोग’ गर्ने अधिकार रहेको बताएका छन् । पाकिस्तानी प्रधानमन्त्रीले हालै इरानमा भएको इजरायली आक्रमणको निन्दा गरेको र देशको रक्षा गरेकोमा इरानको प्रशंसा गरेको अन्तर्राष्ट्रिय सञ्चार माध्यम बीबीसीले जनाएको छ । इरानका राष्ट्रपति मसूद पेजेश्कियान पाकिस्तान भ्रमणमा छन् । यस क्रममा उनले पाकिस्तानसँग कैयौं सम्झौतामा हस्ताक्षरसमेत गरेका छन् ।शहबाज शरीफले भनेका छन्, ‘आतंकवादविरुद्ध पाकिस्तान र इरानको सोच एकजस्तै छ । एसिया क्षेत्रमा शान्ति र विकासको बाटो खुला राख्नुपर्छ ।’यता इरानी राष्ट्रपति मसूद पेजेश्कियानले भने, ‘इजरायल यस क्षेत्रमा अस्थित बनाउने एजेन्डामा काम गरिरहेको छ । मुस्लिम देशहरुलाई शान्तिका लागि एकजुट हुन जरुरी छ ।’उनले इजरायली आक्रमणविरुद्ध पाकिस्तानी समर्थनमा आभार व्यक्त गर्दै पाकिस्तानसँग राम्रो सम्बन्ध इरानको विदेश नीतिको एक महत्त्वपूर्ण हिस्सा रहेको बताए ।पाकिस्तानको सरकारी एजेन्सी एसोसिएटेड प्रेस अफ पाकिस्तानका अनुसार पाकिस्तान र इरानले १२ वटा सम्झौतामा र एमओयूमा हस्ताक्षर गरेका छन् । जसमा व्यापार, कृषि, विज्ञान, टेक्नोलोजी, इनोभेसन, सूचना एवं सञ्चार र समुद्री सुरक्षासमेत अन्य सहयोगहरुसमेत छन् ।

## विदेशी हस्तक्षेपको आरोपमा अस्ट्रेलियामा चिनियाँ नागरिकमाथि मुद्दा दायर



*काठमाडौं,१९ साउन ।*
अस्ट्रेलियन प्रहरीले बेइजिङका लागि स्थानीय बौद्ध समूहको जासुसी गरेको आरोपमा एक चिनियाँ नागरिकमाथि ‘लापरवाहीपूर्ण विदेशी हस्तक्षेप’ गरेको अभियोगमा मुद्दा चलाएको छ । सहायक प्रहरी आयुक्त स्टिफन नटका अनुसार ती महिलाले अस्ट्रेलियाको राजधानी क्यानबेरामा रहेको ‘गुआन यिन सिट्टा बुद्धिस्ट एसोसिएसन’का बारेमा गोप्य रुपमा सूचना सङ्कलन गरिरहेकी थिइन् । नटले आफू चीनको सार्वजनिक सुरक्षा ब्युरोको कमान्डमा काम गरिरहेको बताएकी थिइन् । अस्ट्रेलियन सङ्घीय प्रहरीको विशेष अनुसन्धान महाशाखाका नटले भने, “चीनको पब्लिक सेक्युरिटी ब्युरोको गुप्तचर उद्देश्यलाई सहयोग पुऱ्याउने उद्देश्यले यो गतिविधि गरिएको हामीले अभियोग दर्ता गरेका छौं । गत साता क्यानबेराका केही घरमा प्रहरीले छापा मारेपछि ती महिलालाई पक्राउ गरी ‘लापरवाहीपूर्ण विदेशी हस्तक्षेप’ गरेको अभियोग लगाइएको थियो । प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, “छापा मार्ने क्रममा इलेक्ट्रोनिक सामग्रीलगायत थुप्रै सामान जफत गरिएको छ भने थप अनुसन्धानका लागि फरेन्सिक परीक्षण गरिनेछ ।” विदेशी हस्तक्षेपमा बढीमा १५ वर्षको जेल सजाय हुन सक्छ ।

## बेइजिङमा घातक बाढी : आँधीको सम्भावनापछि सतर्कता बढाइयो

*काठमाडौं,१९ साउन ।*
सन् २०१२ पछिको सबैभन्दा घातक बाढीमा दर्जनौं मृत्यु भएको एक हप्तापछि बेइजिङले सोमबार सबै शहर र जिल्लाका स्थानीयलाई भारी वर्षाको नयाँ चरणको लागि तयार रहन चेतावनी दिएको छ । नागरिकलाई बाहिर ननिस्कन भनिएको समाचार संस्था रोयटर्सले उल्लेख गरेको छ । बेइजिङका केही भागहरूमा दिउँसोदेखि छ घण्टाको अवधिमा २०० मिमी (७.९ इन्च) सम्म वर्षा हुन सक्ने मौसम पूर्वानुमानकर्ताहरूले चेतावनी दिएका छन् । २ करोड २० लाख जनसङ्ख्या भएको बेइजिङमा प्रत्येक वर्ष औसत ६०० मिमी वर्षा हुने गरेको छ । देशभरि बाढीको पानीबाट शव निकालिएको रिपोर्टहरू प्राप्त भइरहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । जुलाई २३ देखि २९ सम्म भएको भारी वर्षापछि बेइजिङमा कम्तीमा ४४ जनाको मृत्यु भएको थियो । मृतकमध्ये धेरैजसो शहरको उत्तरपूर्वी बाहिरी इलाकामा रहेको मियुन जिल्लाको एक नर्सिङ होममा तीव्र गतिमा बाढी पसेपछि अप्रत्याशित रूपमा त्यहाँ व्यक्तिहरू फसेका थिए । मौसम पूर्वानुमानअनुसार र आकस्मिक योजनाहरू नबन्नु नै मृत्युका कारण भएको अधिकारीहरूले स्वीकार गरेको समाचारमा जनाइएको छ । सोमबार दिउँसोसम्ममा बेइजिङले आफ्ना सबै १६ जिल्लालाई तयारीको उच्चतम स्तरमा राखेको बताइएको छ । जुलाई २८ पछि पहिलो पटक शहरव्यापी तयारीको गरिएको छ । ग्रेट वालका केही भागहरू र अन्य बाहिरी मनोरञ्जन स्थलहरू बन्द गरिएको छ । अन्डरग्राउण्ड व्यवसाय सञ्चालनमा रोक लगाइएको छ । अचानक बाढी र पहिरोको जोखिम हुने अत्यन्त उच्च सम्भावना रहेको अधिकारीहरूले चेतावनी दिएका छन् । सन् २०१२ को गर्मीमा बेइजिङ शहरमा आएको सबैभन्दा घातक बाढीमा ७९ जनाको मृत्यु भएको थियो ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
कलैया, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

### संघीयताको गति रोक्ने.......

सानो योजना संघीय सरकारले कार्यान्वयन नगर्ने भन्ने विषय बजेट भाषण पुस्तिकामा आयो । तर, दुर्भाग्य मन्त्रालयगत विनियोजनका पुस्तिकाहरूमा अर्थमन्त्रीको प्रतिबद्धता देखिएन । ‘खुद्रे आयोजनामा छरपस्ट बजेट’ भन्ने समाचार सार्वजनिक हुन थाले । ‘संघीय बजेटमा बेथिति : सहरी विकासमा मात्रै करोडमुनिका योजना ४ हजार’ भन्ने समाचार यसै दैनिकमा विमल खतिवडाले असार २ मा लेखे । मैले सोचविचार गरेर नै मन्त्रीलाई साँच्चिकै तीन करोडको सीमा लागू गर्नुहुन्छ त भनेर त्यसै प्रश्न गरेको थिइनँ । विभिन्न विषयगत मन्त्रालयमा बुझ्दा मन्त्रीहरूले यसलाई तोड्छन् भन्ने मेरो अनुमान थियो । अर्थमन्त्री यसमा साँच्चिकै दृढ भएको भए लाइन मिनिस्ट्री बजेट इन्फर्मेसन सिस्टम (एलएमबीआईएस) मार्फत कन्ट्रोल गर्न सकिने स्थिति पनि थियो । तीन करोडको सवालमा अर्थमन्त्रीभन्दा पनि अरू विषयगत मन्त्रीहरूले अलि बढी बेइमानी गरेको मेरो बुझाइ छ । साभार ईकान्तिपुर ।

### भूमि विधेयकमा.................

सृष्ट भए पनि यो प्रावधानमा टेकेर कृषि, उद्योग लगायतका अन्य प्रयोजनमा लिएको जग्गा पनि दुरुपयोग हुन्छ कि भन्नेमा धेरैको शंका छ । यसलाई निवारण गर्न प्रचलित कानुन बमोजिम हदबन्दी छुट लिएको कुनै कृषि, उद्योग आदिले सुरु अनुमतिको प्रयोजन बाहिर गएर सो जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्तो घडेरीमा घर आवास इकाइ निर्माण गरी बेचबिखन गर्न नपाउने व्यवस्था थप गर्न सकिन्छ ।प्रचलित कानुनको १२ छ. को स्वीकृत गराउनुपर्ने प्रावधान जसमा हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमति प्राप्त गर्नुअघि कुनै सार्वजनिक संस्था, उद्योग, कम्पनी, प्रतिष्ठान, शैक्षिक संस्था, आयोजना वा संघसंस्थाले जग्गा उपयोगसम्बन्धी विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । यो व्यवस्था कायम नै राख्नु उपयुक्त हुन्छ । फेरि यो व्यवस्था लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐन संशोधन २०८१ बाट भर्खरै थपिएको व्यवस्था हो ।

**जग्गा दिन नमिल्ने सूचीमा हेरफेर**

ऐनको दफा ५२ ख. को उपदफा (४) मा संरक्षित क्षेत्रको जग्गाको साटोमा थप प्रस्ट गर्न आरक्षको जग्गा भनिएको छ । यो दिन नमिल्ने जग्गाको सूचीमा थपिएको हो । यसमा थप गरिएको विषय भनेको सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताब वा लगतमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा दफा ५२ ग. मा तोकेको समयावधिभन्दा अगावैदेखि घरटहरा बनाई आवाद, कमोत गर्दै आएका रहेछन् भने त्यस्तो जग्गा सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताबको विरह महलमा वा लगतमा उल्लेख भएबमोजिम हाल उपयोगमा छैन भन्ने जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको किटानी निर्णयसहित लेखी आएमा त्यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन बाधा पर्ने छैन भन्ने व्यवस्था छ । साभार ईकान्तिपुर ।

### पुनः सञ्चालनमा रहेको.....

उत्पादन क्षमतामा थप वृद्धि गर्नेछ । कारखाना पुरानो इतिहास बोकेको छ; तत्कालीन सोभियत संघको सहयोगमा २०२४ सालमा स्थापना गरिएको यसले अघिल्लो समयमा कृषि उपकरणसँगैविमानको सिँढी जस्ता विभिन्न उपकरण उत्पादन गर्दै आएको थियो । सञ्चालनमा आएपछि करिब ३२५ जनाको रोजगारी सृजना भएको थियो । निजीकरणपछि बन्द भएपनि अहिले पुनः सञ्चालन भएसँगै किसान र स्थानीय बजारमा कृषियन्त्रको माग पूरा हुने अपेक्षा गरिएको छ ।

### ठोरीमा भूमिहीन दलित.......

वरिष्ठ नापी अधिकृत राजकुमार विक, नापी सर्वेक्षक मधुरेन्द्र झा, सुब्बा राजेन्द्र खड्का, स्थानीय कर्मचारी, आयोगका प्रतिनिधि तथा सेवाग्राहीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । जग्गा नापजाँचसँगै अब ठोरीका भूमिहीन तथा सुकुम्बासीहरूलाई लालपुर्जा प्राप्त हुने आशा बढेको छ ।

### पर्सा ट्राफिक कार्यालयमा....

उनले भने । कार्यक्रममा जिल्ला ट्राफिक प्रमुख लोकराज भट्टसहित प्रहरी वरिष्ठ नायब निरीक्षक गुणनिधि खकुरेल, हवल्दार, सिपाहीलगायत प्रहरी कर्मचारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । ट्राफिक कार्यालयले रोपिएका बिरुवाहरूको संरक्षण र समुचित स्याहारका लागि दीर्घकालीन योजना बनाएको बताएको छ । यो पहलले प्रहरी प्रशासन र स्थानीय समुदायबीचको सहकार्य अझ बलियो बनाउनुका साथै प्रहरीलाई वातावरणमैत्री र नागरिकमैत्री संस्थाको रूपमा स्थापित गर्न थप मद्दत गर्ने विश्वास लिइएको छ ।

### साउथ सिटी हिमाल............

समेत शिविरमा सेवा प्रदान गरेका थिए । शिविरमा आएका विभिन्न उमेर समूहका बिरामीहरूलाई विशेषज्ञ परामर्श, प्रारम्भिक परीक्षण तथा आवश्यक औषधोपचार निःशुल्क प्रदान गरिएको अस्पतालले जनाएको छ ।

### खैरो हेरोइनसहित.............

गरेको बा.प्र.०६-००१ ज ०४१४ नम्बरको यात्रुबाहक सवारीलाई हेटौंडा रातोमाटे चेकपोस्टमा रोकेर चेकजाँच गर्दा उनीहरूको साथबाट ९ ग्राम २०० मिलिग्राम खैरो हेरोइन फेला परेको हो । पक्राउ परेका दुवै युवामाथि मकवानपुर जिल्ला अदालत हेटौंडाबाट म्याद थप गराई लागुऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको छ ।

# स्वास्थ्य

## आईभीएफले निःसन्तान दम्पतीलाई दिएको खुसी



ललितपुरस्थित भैसीपाटी बस्दै आएकी ४५ वर्षीया विनु चौधरी गत पुसमा दुई जुम्ल्याहा सन्तानकी आमा बनिन् । जीवनमा आमा बन्ने आश नै मारेकी चौधरीको त्यो सपना वात्सल्य नेचुरल आईभीएफ सेन्टरले पूरा गरेको उनी सुनाउँछिन् । ‘२२ वर्षको उमेरमा विवाह भयो । तर वर्षौंसम्म सन्तान हुन सकेन । कति अस्पताल धाएँ, कति औषधि खाएँ । सन्तानको सपना विपनामा पूरा हुने आश मारिसकेका थियौं,’ उनी भन्छिन्, ‘जुन विवाह गरेको २२ वर्षपछि पूरा भयो ।’ चौधरीको दम्पतीले जति प्रयास गर्दा पनि सन्तान नभएपछि अस्पतालको चक्कर धेरै काटे । तर उपचारको टुंगो लागेन । विमलाका अनुसार अर्को अस्पतालमा देखाउँदा पाठेघरमा नली बन्द भएकाले शल्यक्रिया गरे बच्चा बस्ने चिकित्सकले बताएका थिए । सो बमोजिम शल्यक्रिया गर्ने तयारी भयो । ‘ ठूलो शल्यक्रियाले कतै जटिलता बढी हुने होकी भन्ने भयले शल्यक्रिया गर्न मनले मानेन् । त्यसपछि सन्तानको माया मारेर बसेका थियौं’ उनले सुनाइन् । उनले आईभीएफ सेन्टरबारे कतैबाट सुनिन् । उपचार गराउन उनी सुनेकै भरमा वात्सल्य आईभीएफ सेन्टर पुगिन् । त्यहाँका चिकित्सकले पाठेघरमा मासु पलाएको र सो निकालेपछि गर्भधारणको सम्भावना हुनसक्ने बताएपछि चौधरीको खुसीको सीमा नै रहेन । उनको उपचारमा संलग्न आईभीएफ अस्पतालकी निःसन्तान विशेषज्ञ डा. लता श्रेष्ठ भन्छिन्, ‘ उनको पाठेघरमा मासु पलाएको थियो । त्यसको शल्यक्रियापछि आईभीएफबाट उपचार गर्‍यौं । अहिले उनी एक छोरा र एक छोरीकी आमा बनेकी छिन् ।’ डा. श्रेष्ठका अनुसार बच्चा जन्मिन महिलाको स्वस्थ डिम्ब चाहिन्छ । चौधरीसँग जम्मा दुईवटा अण्डा बाँकी थियो । त्यो पनि कमजोर रहेकाले दुईवटा अण्डा दाताबाट लिएर भ्रूणलाई आईभीएफ मार्फत पाठेघरमा राखेपछि उनी गर्भवती भएकी थिइन् । अहिले चौधरीबाट जन्मिएका सन्तान स्वस्थ रहेको उनी बताउँछिन् । बाग्लुङका एक दम्पतीको पनि जति कोसिस गर्दा पनि सन्तान भइरहेको थिएन । आईभीएफको बारेमा सुनेका ३५ वर्षीय अशोक कार्की (नाम परिवर्तन) बागलुङदेखि ३३ वर्षीया श्रीमती संगीता कार्की (नाम परिवर्तन) लाई लिएर वात्सल्य सेन्टरमा बुझ्न आए । दुवैको परीक्षण गराउँदा अशोकमा शुक्राणुको संख्या कम रहेछ । संगीता भन्छिन्, ‘ विवाह भएको पाँच वर्षमा पनि सन्तान भएन । सन्तान नभएपछि आफूलाई छुट्टै तनाव थियो । त्यसमा पनि आफन्त, छिमेकी सबैले बारम्बार बच्चा किन भएन भनेर कोसिस रहने कारणले वैवाहिक वा अरु समारोहमा जान मन लाग्थेन ’ उनी भन्छिन् ।

# वर्षासँगै मधेसमा तीव्र धान रोपाइँ, किसान व्यस्त



**जनकपुर,१९ साउन ।** लगातारको झरीसँगै मधेस प्रदेशका किसानहरू धान रोपाइँमा व्यस्त हुन थालेका छन् । लामो समयसम्म वर्षा नहुँदा प्रभावित बनेको रोपाइँ अब तीव्र गतिमा अघि बढेको छ । मधेस प्रदेशको कृषि विकास निर्देशनालयका अनुसार पछिल्लो तीन दिनको वर्षाले रोपाइँको गति बढेको छ । साउन दोस्रो सातासम्म ५० प्रतिशत नपुगेको धान रोपाइँ हाल ६३ प्रतिशत पुगेको निर्देशनालयका वरिष्ठ बागवानी अधिकृत प्रदीप यादवले जानकारी दिए ।

उनका अनुसार बारा र पर्सामा अधिकांश क्षेत्रमा धान रोपाइँ सम्पन्न भइसकेको छ भने अन्य जिल्लाहरू–सिरहा, सर्लाही, धनुषा, महोत्तरी, रौतहट र सप्तरीमा रोपाइँ धमाधम भइरहेको छ। पानी अभावका कारण मधेसलाई केही समय अघि सुक्खाग्रस्त क्षेत्र घोषणा गरिएको थियो । त्यसपछि प्रदेश सरकारले कृषिज्ञान केन्द्रमार्फत स्यालो ट्युबवेल वितरण गरी सिँचाइ सहज बनाउने प्रयास गरेको हो ।

कृषि निर्देशनालयका अनुसार मधेस प्रदेशमा कुल ३ लाख ७२ हजार ६४५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गर्छ। तर, कुल खेतीयोग्य जमिनमध्ये करिब ६५ प्रतिशत क्षेत्र अझै पनि वर्षाका भरमा निर्भर रहेको छ। नदी, नहर, डिप ट्युबवेल, बोरिङ र स्यालो ट्युबवेलको प्रयोग बढ्दै गएको भए पनि पर्याप्त सिँचाइ सुविधा नपुगेका खेतमा वर्षा नहुँदासम्म रोपाइँ सुरु गर्न कठिन भइरहेको किसानहरूले बताएका छन् ।

# दक्षिण कोरियामा रोजगारीको अवसर: ईपीएस कोरियन भाषा परीक्षाका लागि आवेदन खुला



**काठमाडौं,१९ साउन ।** दक्षिण कोरियामा रोजगारीको सपना देखिरहेका नेपाली युवाहरूका लागि सुनौलो अवसर खुलेको छ । रोजगार अनुमति प्रणाली (भ्एक) अन्तर्गत कोरियन भाषा परीक्षाका लागि आवेदन खुला गरिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको ईपीएस कोरिया शाखाले जनाएको छ। यो वर्ष कोरियाले उत्पादनमूलक र कृषि तथा पशुपालन क्षेत्रमा गरी कुल ५,३०० जनाको कोटा तय गरेको छ। तीमध्ये ३,५०० जनालाई उत्पादनमूलक क्षेत्रमा र १,८०० जनालाई कृषि तथा पशुपालन क्षेत्रमा रोजगारीका लागि छनोट गरिनेछ। एक व्यक्तिले मात्र एउटा क्षेत्रमा आवेदन दिन पाउनेछन् । ईपीएस शाखाका अनुसार आवेदन दिन चाहने उम्मेदवारले कम्तीमा १८ वर्ष उमेर पुरा गरेका र ३९ वर्ष ननाघेका हुनुपर्नेछ । साथै, फौजदारी मुद्दामा सजाय नपाएको, कोरियाबाट गैरकानुनी रूपमा फर्किएको नभएको र नेपाल सरकारद्वारा विदेश जानमा रोक नलगाइएको नागरिक हुनुपर्नेछ। आवेदन प्रक्रिया साउन २६ गतेदेखि ३१ गतेसम्म अनलाइनमार्फत सञ्चालन हुनेछ । पहिलो चरणको भाषा परीक्षा पास गरेपछि मात्र उम्मेदवारले दोस्रो चरणको सीप परीक्षण (Skill Test) र दक्षता परीक्षण (Competency Test) मा सहभागी हुन पाउनेछन् । परीक्षा राजधानी काठमाडौंमा सञ्चालन हुनेछ । भाषा र सीप दुवै परीक्षा पास गरेपछि मात्रै उम्मेदवारलाई रोजगारीका लागि कोरियामा पठाउने प्रक्रिया अघि बढ्नेछ। दक्षिण कोरियामा आकर्षक तलब र सुरक्षित वातावरणका कारण नेपाली युवाहरूको रोजगारी गन्तव्यको रूपमा ईपीएस प्रणाली लोकप्रिय बन्दै गएको छ ।

# बहुविवाहसम्बन्धी कानुनी मस्यौदाप्रति सांसद दुर्गा राईको कडा आपत्ति



**काठमाडौं,१९ साउन ।** नेकपा (माओवादी केन्द्र) की सांसद दुर्गा राईले सरकारले बहुविवाहलाई निश्चित परिस्थितिमा कानुनी मान्यता दिनेगरी तयार पारेको विधेयक मस्यौदाप्रति कडा आपत्ति जनाएकी छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा बोल्दै सांसद राईले यस्तो कानुनी प्रावधान महिलामाथिको हिंसा र लैङ्गिक असमानतालाई प्रोत्साहन दिने खालको भएको भन्दै मस्यौदा खारेज गर्न सरकारलाई आग्रह गरिन्। सरकारले हालै विवाहित पुरुषलाई विशेष अवस्थामा दोस्रो विवाह गर्न अनुमति दिने गरी कानुनी मस्यौदा तयार गरेको समाचार सार्वजनिक भएपछि चौतर्फी आलोचना भइरहेका बेला सांसद राईले संसदमै त्यसको विरोध जनाएकी हुन् । उनले प्रश्न गर्दै भनिन्, "सरकारले किन यस्तो विधेयक ल्याउन चाहन्छ ? जस-जसको स्वार्थमा कानुन निर्माण भइरहेको छ, तीलाई सोध्न चाहन्छु- यदि तपाईंको ज्वाइँले दोस्रो विवाह गरेमा 'स्याबास ज्वाइँ' भन्न सक्नुहुन्छ ? यदि होइन भने महिला हिंसा बढ्ने र पुरुषहरू छाडा हुने यस्तो कानुन ल्याउने प्रयास किन भइरहेको छ ?" सांसद राईले बहुविवाहजस्तो सामाजिक विकृति हटाउनुपर्ने अवस्थामा कानुनी छुट दिनु महिलाको अधिकार र सम्मानमा ठाडो प्रहार हुने बताइन् । उनले सरकारको कदमप्रति गम्भीर आपत्ति जनाउँदै मस्यौदा खारेज नगरे महिला आन्दोलन चर्किने चेतावनी समेत दिइन् ।

# मधेसमा स्वास्थ्य बीमा गर्नेको संख्या साढे ७ लाख नाघ्यो



**जनकपुर,१९ साउन ।** मधेस प्रदेशमा स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुने नागरिकको संख्या सात लाख ७९ हजार नाघेको छ। स्वास्थ्य बीमा बोर्ड मधेस प्रदेशका संयोजक रामेन्द्रप्रसाद कुशवाहाका अनुसार साउन १६ गतेसम्म आठवटै जिल्लाबाट कुल ७,७९,२६५ जना नागरिक स्वास्थ्य बीमामा आबद्ध भएका छन् । कुल जनसंख्या ६१ लाखभन्दा बढी रहेको मधेसमा यो संख्या झन्डै १३ प्रतिशत हो । संयोजक कुशवाहाका अनुसार स्थानीय तह र प्रदेश सरकारसँगको समन्वयमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन विभिन्न अभियान चलाइएका छन् । उनका अनुसार प्रत्येक वडामा कार्यरत दर्ता सहयोगीमार्फत घरदैलो कार्यक्रम सञ्चालन गरेर नागरिकलाई बीमामा सहभागी गराउने प्रयास भइरहेको छ। प्रदेश सरकारले केही सहिद परिवारको बीमाको सम्पूर्ण खर्च व्यहोरेको छ । गत आर्थिक वर्षमा विनियोजित ४० लाख रुपैयाँ बजेटमार्फत केही सहिद परिवारलाई निःशुल्क बीमा गरिएको हो। तर सबै सहिद परिवारको पहिचान, ठेगाना यकिन गर्न नसकिएको तथा कतिपय बसाइँसराइ भइसकेका कारण पूर्ण रूपमा समावेश गर्न कठिनाइ भएको कुशवाहाले जानकारी दिए ।

अझ प्रभावकारी सेवा सुनिश्चित गर्न सरकारले सञ्चालनमा रहेका आधारभूत अस्पतालहरूलाई बीमा सेवाको दायरामा ल्याउने तयारी भइरहेको छ । त्यस्तै, क्यान्सर, मुटुरोग, डायलासिस, टाउको र मेरुदण्ड चोट जस्ता गम्भीर अवस्थाका बिरामीलाई प्रमाणको आधारमा बीमा सीमा एक लाख रुपैयाँले थपिएको पनि उनले बताए। २०७३ सालदेखि सुरु भएको स्वास्थ्य बीमा कार्यक्रम २०७५ सालदेखि मधेसका सबै जिल्लामा विस्तार गरिएको हो। हाल नियमित नवीकरण गरिएकालाई भुक्तानी शुल्कमा छुट दिने व्यवस्था गरिएको छ ।

# चुरे संरक्षणको मागमा माइतीघरमा प्रदर्शन




**काठमाडौं,१९ साउन ।** चुरे क्षेत्रको संरक्षणको माग गर्दै काठमाडौंको माइतीघर मण्डलामा शुक्रबार विरोध प्रदर्शन गरिएको छ । चुरे तथा वनजंगल संरक्षण अभियानद्वारा आयोजित प्रदर्शनमा सहभागीहरूले तराई-मधेसलाई मरुभूमि बन्नबाट जोगाउन अबिलम्ब ठोस कदम चाल्न सरकारलाई चेतावनी दिएका छन् । माइतीघरबाट सुरु भएको ऱ्याली बबरमहल पुगेर पुनः माइतीघरमै फर्किएर धर्नामा परिणत भएको थियो । प्रदर्शनमा सहभागीहरूले चुरे क्षेत्रको दोहनले तराईका जलस्रोत सुक्दै गएकाले डिप बोरिङ जस्ता अस्थायी समाधान होइन, दीगो समाधानमा ध्यान दिनुपर्ने बताएका छन् । उनीहरूले सरकारले चुरे क्षेत्रबाट बग्ने खोलामा चेक ड्याम निर्माण गर्नुपर्ने, तराई-मधेसका पोखरीहरू संरक्षण गर्नुपर्ने र कुलेखानीजस्ता जलसम्भार परियोजना निर्माण गर्नुपर्ने माग गरेका छन्। त्यस्तै, चुरे दोहन, वन विनाश, अनियमितता र भ्रष्टाचारमा संलग्न व्यक्तिहरूको छानबिन गरी कानुनी कारबाहीको माग गरिएको छ । किसानलाई उचित क्षतिपूर्ति दिनुपर्ने, कृषि उत्पादनको विक्रिका लागि सरकारी व्यवस्था आवश्यक भएको र त्यसका लागि ग्लोबल फन्डको उपयोग गर्न सकिने सुझावसमेत राखिएको थियो । प्रदर्शनमा किसान, वातावरणविद्, समाजसेवी, विद्यार्थी र स्थानीय समुदायका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता देखिएको थियो ।

# कट्टुवा पेस्तोलसहित १ जना पक्राउ

**वीरगन्ज,१९ साउन ।** पर्सा प्रहरीले वीरगन्जबाट कट्टुवा पेस्तोलसहित एक युवकलाई पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा गरिएको जाँचका क्रममा बिन्दावासीनी गाउँपालिका-५ प्रसौनीका साहेब खाँ लाई प्रहरीले नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी प्रवक्ता डीएसपी किशोर लम्सालका अनुसार, वीरगन्ज महानगरपालिकाको इनर्वागाउँबाट साहेब खाँलाई हतियारसहित पक्राउ गरिएको हो । स्थानीय बासिन्दाबाट कट्टुवा पेस्तोल बोकेर हिँडिरहेको भन्ने सूचना प्राप्त भएपछि प्रहरी टोलीले उनलाई पक्राउ गरेको थियो। पक्राउ परेका खाँलाई अहिले जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ । प्रहरीले उनीमाथि हातहतियारसम्बन्धी मुद्दामा थप अनुसन्धान अगाडि बढाएको जनाएको छ।

# ४६५ किलो गाँजासहित ट्रक चालक पक्राउ




**जनकपुर,१९ साउन ।** लागुऔषध नियन्त्रण ब्युरो, बर्दीबास शाखाले ठुलो परिमाणको गाँजासहित एक ट्रक र चालकलाई नियन्त्रणमा लिएको छ। विशेष सूचनाका आधारमा प्रनानी सरोज अधिकारीको नेतृत्वमा खटिएको टोलीले जलेश्वरतर्फ गइरहेको ना ६ ख २९१९ नम्बरको ट्रकलाई आइतबार साँझ रामगोपालपुर-५ स्थित बजार चौकमा जाँच गर्दा ट्रकबाट ४६५ किलो गाँजा बरामद गरेको हो। ब्युरो प्रमुख अधिकारीका अनुसार ट्रकभित्र सेतो बोरा र रातो प्लास्टिकमा बेरेर लुकाइएका अवस्थामा गाँजा फेला परेको हो । पछिल्लो समय बर्दिबास-जलेश्वर सडकखण्डमा लागुऔषध तस्करी बढेको सूचनाका आधारमा रामगोपालपुर प्रहरीसँगको सहकार्यमा चेकजाँच गरिएको थियो। पक्राउ परेका ट्रक चालक मकवानपुरको राक्सिराङ गाउँपालिका-५ निवासी २६ वर्षीय मानबहादुर मुक्तानलाई लागुऔषध सम्बन्धी मुद्दामा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बुझाइएको ब्युरोले जनाएको छ । प्रहरीले यस घटनालाई लागुऔषध तस्करीविरुद्धको सफल कारवाहीको रूपमा लिएको छ भने अनुसन्धान थप अघि बढाइएको जनाएको छ ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा